आज मिति २०८१।०७।२५ गते आइतवारका दिन गाउँपालिकाका अध्यक्ष श्री प्रेम बहादुर भुजेलज्यूको अध्यक्षतामा देहायका सदस्यहरुको उपस्थितिमा गाउँकार्यपालिकाको वैठक बसी निम्न प्रस्ताव माथि छलफल गरी निर्णय गरियो ।

आ.व.: २०८१।८२ वैठक सङ्ख्या: ४० समय : विहान ११:०० बजे स्थान: गाउँपालिका भवन

| क्र.सं. | पद | नाम, थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री प्रेम बहादुर भुजेल | |
| २ | उपाध्यक्ष | श्री जितेन्द्रमान तामाङ | |
| ३ | सदस्य | श्री लेख बहादुर श्रेष्ठ | |
| ४ | सदस्य | श्री सुजन भण्डारी | |
| ५ | सदस्य | श्री ज्ञान बहादुर तामाङ | |
| ६ | सदस्य | श्री लोक बहादुर कुँवर | |
| ७ | सदस्य | श्री अञ्चल कुमार लामा | |
| ८ | सदस्य | श्री भरत बहादुर शिवभक्ती | |
| ९ | सदस्य | श्री रमेश राज खरेल | |
| १० | सदस्य | श्री मोतिलाल तामाङ | |
| ११ | सदस्य | श्री दल बहादुर तामाङ | |
| १२ | सदस्य | श्री केशरमान लामा | |
| १३ | सदस्य | श्री कल्पना पहरी | कल्पना |
| १४ | सदस्य | श्री कुमारी विश्वकर्मा | कुमारी |
| १५ | सदस्य | श्री चमेली परियार | चमेली |
| १६ | सदस्य | श्री शान्ती ठकुरी | शान्ति |
| १७ | सदस्य | श्री सुलभ पहरी | |
| १८ | सदस्य | श्री विष्णु बहादुर पहरी | |
| १९ | सचिव | श्री सुदर्शन भट्टराई | |

सहजकर्ता कर्मचारी:

१. श्री ~~विजय कुमार थापा~~ कृष्ण बहादुर खत्री

२. श्री अमर कुमार श्रीवास्तव

३. श्री [illegible]

सहयोगी कर्मचारी:

१. श्री दिलिप कुमार भुजेल

Scanned with CamScanner

भुम्लु गाउँ कार्यपालिका बैठक आ.वः २०८१।८२ बैठक सङ्ख्याः४० मिति २०८१ कार्तिक २५

**प्रस्तावहरुः**

१. ३९औं बैठक समिक्षा सम्बन्धमा।
२. प्राप्त परिपत्रको जानकारी सम्बन्धमा।
३. विपद् प्रतिवेदन प्रमाणित सम्बन्धमा।
४. मोतिविन्दु बिरामीको उपचारको लागि रेयूकाइ आँखा अस्पतालसंग सम्झौता गर्ने सम्बन्धमा।
५. कर्मचारी माग गर्ने सम्बन्धमा।
६. आ.व.८०/८१ को सार्वजनिक सुनुवाई सम्बन्धमा।
७. वर्थिङ सेन्टर स्थापनाका लागि बजेट माग गर्ने सम्बन्धमा।
८. विविध।

**निर्णयहरुः**

१. गत ३९औं कार्यपालिकाको बैठकमा भएका निर्णय कार्यान्वयनको सम्बन्धमा समिक्षा गरियो ।

२. संघ, प्रदेश र अन्य निकायबाट प्राप्त परिपत्र सम्बन्धमा जानकारी लिइयो ।

३. मिति २०८१/०७/०६ गते कार्यपालिकाको बैठकबाट २०८१ असोज १०, ११ र १२ गते परेको अविरल वर्षाको कारण आएको बाढी र पहिरोबाट क्षति भएका तथ्याङ्क संकलन गर्न गठित अनुगमन टोलिले पेश गरेको भौतिक तथा जनधन क्षति विवरणको प्रतिवेदन प्रमाणित गर्ने निर्णय गरियो।

४. यस भुम्लु गाउँपालिकामा मोतिविन्दु बिरामीको उपचारका लागि रेयूकाई एइगो मासुनागा आँखा अस्पताल र गाउँपालिकाको ५०/५० प्रतिशत लागत साझेदारीमा शिविर सञ्चालनका लागि सम्झौता गर्ने निर्णय गरियो।

५. यस भुम्लु गाउँपालिका अन्तर्गत वडा नं.७ र ८ को लालपूर्जा प्राप्ति प्रयोजनको लागि ४ जना सहायकस्तर चौथो तह, अमिन पदको करार सेवामा कर्मचारी पदपूर्तिका लागि विज्ञापन गर्ने निर्णय गरियो।

६. गत आ.व.८०/८१ को सार्वजनिक सुनुवाई कार्यक्रम मिति २०८१/०७/३० गते बिहान ११ बजे गाउँपालिकाको सभाहलमा गर्ने निर्णय गरियो।

७. भुम्लु गाउँपालिकाले स्वास्थ्यलाई पहिलो प्राथमिकतामा राखेर कार्य गरिरहेको सन्दर्भमा भुम्लु गा.पा. वडा नं.९ मा वर्थिङ सेन्टर नरहेको हुँदा स्थानीय वासिन्दाहरुले सुरक्षित मातृत्वको अधिकारबाट वञ्चित हुनुपर्ने अवस्था रहेकोले सोहि वडा अन्तर्गत रहेको स्वास्थ्य चौकीमा सुविधा सम्पन्न वर्थिङ सेन्टर स्थापनाका लागि आवश्यक बजेट एवम् स्वास्थ्य सामाग्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय एवं सम्वन्धित निकायमा पत्राचार गर्ने निर्णय गरियो।

८. विविधः

क. यस भुम्लु गाउँपालिका अन्तर्गत इन्द्रावती र सुनकोशी नदी बगेर जाने विभिन्न बगरहरुको इकोकोड नेपाल, प्यारागन र विएमएस नेपाल जेभीले IEE गरे पश्चात भएको खर्चको प्राप्त बिल भरपाई अनुसारको भुक्तानी दिने निर्णय गरियो।

ख. मिति २०८१/०६/१० गते देखि परेको अविरल वर्षामा भुम्लु गा.पा.०७ निवासी समिर लामालाई करेन्ट लागेर घाइते भई उपचार गराए वापत सहयोग स्वरुप रु.१५०००/- भुक्तानी दिने निर्णय गरियो।

ग. हरिबोधिनी एकादशीको उपलक्ष्यमा मिति २०८१/०७/२७ गते भुम्लु गाउँपालिका अन्तर्गतका कार्यालयहरुमा स्थानीय विदा दिने निर्णय गरियो।

घ) गृहणी महिला सशक्तिकरण कार्यक्रममा सहभागिता सम्बन्धमा ।

बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयको मिति २०८१।०७।१३ गतेको सूचना अनुसार गृहणी महिला सशक्तिकरण कार्यक्रममा सहभागीता हुन इच्छुक स्थानीय तहहरुबाट प्रस्ताव माग गरेको हुँदा यस गाउँपालिका उक्त कार्यक्रममा सहभागी हुने र सो कार्यक्रमको लागि ३० प्रतिशत रकम लागत साझेदारी गर्ने निर्णय गरियो ।